# लोक सेवा आयोग
# दाङ कार्यालय
## तुलसीपुर, दाङ


## रा. प. अनं. द्वितीय श्रेणी (प्राविधिक), खरिदार वा सो सरह पदको लिखित परीक्षाको परीक्षा भवन कायम गरिएको सूचना

### *सूचना नं. ४२७/०८३-८४, मिति २०८३/०५/२६*

लोक सेवा आयोग, दाङ कार्यालयको देहायको **विज्ञापन नं., सेवा, समूह, उपसमूह, रा.प. अनं. द्वितीय श्रेणी** (प्राविधिक), लिखित परीक्षा प्रणाली अन्तर्गत खरिदार वा सो सरह पदमा **दाङ परीक्षा केन्द्र** राखी Online दरखास्त फाराम स्वीकृत भएका सम्पूर्ण उम्मेदवारहरूको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व निर्धारित कार्यक्रम अनुसार देहायको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै, सहयोगी लेखक आवश्यक पर्ने उम्मेदवारहरूले सहयोगी लेखक माग गर्नुपर्ने कारण र प्रमाण सहितका कागजातहरू संलग्न राखी लोक सेवा आयोग नियमावली, २०७९ को नियम ६८ (१) बमोजिम परीक्षा सुरू हुने मिति भन्दा १० (दश) दिन अगावै यस कार्यालयमा निवेदन दिनु हुन समेत सूचित गरिन्छ।

परीक्षार्थीहरूले पालना गर्नुपर्ने नियमहरू **द्रष्टव्य** मा उल्लेख गरिएको छ।

### परीक्षा कार्यक्रम तथा परीक्षा भवन

| सि. नं. | विज्ञापन नं. | सेवा/समूह/ उपसमूह | पद | लिखित परीक्षा मिति, समय र अवधि | | रोल नं. | परीक्षा भवन |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | | |
| १ | १४४६५/०८२-८३ (खुला) | इञ्जि., सिभिल, हाइवे | ल्याब असिष्टेट | २०८३/०६/११ गते, दिनको २ बजे, (४५ मिनेट) | २०८३/०६/११ गते, दिनको ३:१५ बजे, ( २ घण्टा १५ मिनेट) | दाङ परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका रोल नं. ६१०००१ देखि सबै उम्मेदवारहरु | श्री राप्ती बबई क्याम्पस, तुलसीपुर, दाङ। |

**द्रष्टव्य : उम्मेदवारले अनिवार्य पालना गर्नु पर्ने विषयहरु**

१) उम्मेदवारले उत्तरपुस्तिकामा कालो मसी भएको डटपेन/कलम मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

२) प्रवेश पत्र बिना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा उम्मेदवारले प्रवेश पत्रका साथ आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो सहितको कुनै परिचयपत्र अनिवार्यरूपमा लिई आउनुपर्नेछ।

३) उम्मेदवारले आफ्नो प्रवेशपत्र लिई परीक्षा सुरु हुनुभन्दा कम्तिमा १ (एक) घण्टा अगावै सम्बन्धित परीक्षा केन्द्रमा पुग्नुपर्नेछ।

४) परीक्षा सञ्चालन हुने दिन अप्रत्याशित बिदा पर्न गएमा पनि आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम स्थगित हुने छैन।

५) परीक्षा भवनमा मोबाइल फोन, स्मार्ट वाच लगायतका विद्युतीय सामाग्री निषेध गरिएको छ।

६) प्रवेश पत्रमा उल्लेख गरिएका उम्मेदवारले पालना गर्नुपर्ने नियमहरु अनिवार्यरूपमा पालना गर्नु पर्नेछ।

७) वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर ( Capital letter) मा A,B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिईनेछ।

८) दाङ परीक्षा केन्द्र राखी दरखास्त स्वीकृत भएका बाहेक अन्यत्र परीक्षा केन्द्रका परीक्षार्थीहरूलाई परीक्षामा सम्मिलित गराईने छैन।

९) **स्वीकृत भएका र हुन नसकेका (होल्डमा रहेका) उम्मेदवारहरूको नामावली हेर्न यहाँ थिच्नुहोस्।**

| ................... | ................... | ................... |
|---|---|---|
| (कृष्ण प्रसाद गौतम) | (नविन पोखरेल) | (अर्जुन पौडेल) |
| कम्प्युटर अपरेटर | शाखा अधिकृत | कार्यालय प्रमुख |